कम्युनिटी नर्सिङ्ग अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

(नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ९ बमोजिम)

कार्य विवरण	
१.पदः कम्युनिटी नर्सिङ्ग अधिकृत २.सेवाः स्वास्थ्य ३.समूहः कम्युनिटी नर्सिङ्ग/ पब्लिक हेल्थ नर्सिङ्ग ४.तहः सातौं/आठौं ५.तलब (मासिक): नेपाल सरकारले तोके वमोजिम ६. काम गर्ने समयः नेपाल सरकारले तोके वमोजिम ७.कर्मचारीको नामः ८. कर्मचारीको सङ्केत नम्वरः ९. सुपरीवेक्षण गर्नुपर्नेः आफ्नो फाँटको समन्वय गरी काम गर्नु पर्ने सहायकस्तर वा तल्लो तहका कर्मचारीहरु	१०.कार्यालयको ठेगानाः.....प्रदेश, ...जिल्ला, ...स्थान, ... स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/विभाग/ अस्पताल..... .....शाखा..... फाँट ११.आवश्यक योग्यताः सम्बन्धित ऐन तथा नियमावलीमा उल्लेख भए वमोजिम। १२.उत्तरदायित्वः सम्बन्धित कार्यलय प्रमुख, शाखा प्रमुख

सम्पादन गर्नुपर्ने काम, कर्तव्य, तथा उत्तरदायित्व

नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीको अधीनमा रही नेपाल नर्सिङ्ग परिषदको आचारसंहिता (कोड अफ इथिक्स) को पालना गर्दै नियमानुसार कार्य गर्ने।

काम र कर्तब्य

१. योजना र कार्यक्रम सम्बन्धि:

- नर्सिङ्ग (समुदाय, विद्यालय, उद्योग आदि क्षेत्रका लागि) सेवाको गुणस्तर कायम गर्नका लागि विभिन्न नीति, रणनीति, मापदण्ड, प्रोटोकल तथा कार्यक्रमहरुको योजना तर्जुमा गर्ने ।
- देशमा विद्यमान सेवालाई प्रभावकारी रुपले प्रदान गर्न आवश्यक नर्सिङ्ग सेवा शिक्षा सम्वन्धि , विभिन्न पक्षहरुको निति तथा योजना तर्जुमा गर्ने कार्यमा सहयोगी भई प्रमुख नर्सिङ्ग प्रशासकलाई सहयोग गर्ने।

- नर्सिङ्ग सेवा सम्वन्धि तयार भएका निति तथा योजनालाई प्रभावकारि रुपमा कार्यान्वयन गर्ने आवश्यक सामाग्रिहरु तयार गरि लागू गर्न पेश गर्ने।
- गुणस्तरीय र दक्ष नर्सिङ र मिडवाइफ जनशक्तिको उत्पादन तथा परिचालन गर्न आवश्यक कानुन, मापदण्ड,निर्देशिका जारी गर्नका लागि योजना तर्जुमा गर्ने ।
- लैंगिक हिंसा पिडित तथा प्रभावितहरुलाई गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक पर्ने रणनीति, निर्देशका, मापदण्ड प्रोटोकल, लगायत विशेष कार्यक्रमहरुको योजना तर्जुमा गर्ने।
- जेरियाटिक मैत्री स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक रणनीति, निर्देशका, मापदण्ड, प्रोटोकल तथा शैक्षीक सामाग्रीहरु तयार गर्ने ।
- सामाजिक सेवा इकाई सेवा सञ्चालन सम्बन्धी निर्देशिका, मापदण्ड तयार गर्ने ।
- स्वास्थ्य क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने खालका योजना तथा कार्यक्रम तयार गर्ने ।
- स्वास्थ्य क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण संवेदनशील बजेट तथा कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय तहमा नै बनाउने ।
- आफु कार्यरत कार्यालयको कार्यविवरण अनुसार संघ, प्रदेश र स्थानिय तहको बजेट को तर्जुमा गर्ने र सोहि बजेटको परिधीभित्र रही बार्षिक कार्यक्रमको योजना तयार गरि पेश गर्ने ।
- एच.आइ.भी, तथा यौनरोग नियन्त्रणका लागि कार्यक्रमहरुको योजना तर्जुमा गर्ने ।
- कार्यक्रमसंग सम्बन्धित औषधि, औजार, उपकरण लगायत अन्य सामाग्रीहरुको प्राविधिक Specification, खरिद योजना, वितरण योजना तयारीमा संलग्न हुने ।
- सम्पुर्ण उपचारात्मक, प्रतिकारात्मक, प्रवर्धनात्मक तथ पुनर्स्थानात्मक स्वास्थ्य सेवा प्रवाहका लागि कार्यक्रमहरुको योजना तयार गरी पेश गर्ने ।
- स्वास्थ्य कार्यक्रमहरुको लागि आवश्यक खोप, औषधी, औजार, तथा अन्य विविध सामाग्री सम्बन्धित निकायबाट उपलब्ध गरी उपयुक्त भण्डार, वितरण र उपयोगको व्यवस्था मिलाउन सहयोग गर्ने ।
- इपिडेमियोलोजी, औलो, कालाज्वर नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रमको योजना तर्जुमा गर्ने
- मातृ तथा नवशिशू, प्रजनन स्वास्थ्य, परिवार योजना, किशोर कोशोरी स्वास्थ्य, एकिकृत बाल स्वास्थ्य, खोप तथा पोषण कार्यक्रमहरुको योजना तर्जुमा गर्ने ।
- नर्सिङ्ग कर्मचारीहरुको लागि सम्बन्धित विषय र कार्यक्षेत्र अनुसार क्षमता अभिबृद्धिका लागि कार्यक्रमहरुको योजना तर्जुमा गर्ने ।

२. प्रशासनिक तथा व्यवस्थापकिय कार्यः

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय द्वारा तोकिएको कार्यविवरण अनुसार शाखा, महाशाखा, केन्द्र को दैनिक कार्यसम्पादन गर्ने ।
- आफुलाई प्रत्यायोजन गरिएका कार्यक्रमहरुको प्रगति र कठिनाई बारेमा सम्बन्धित कार्यलय प्रमुखलाई नियमित जानकारी गराउने ।

- कार्यलयलाई प्राप्त भएको बिभिन्न स्वास्थ्य सेवाको लक्ष्यहरुको कार्यान्वयनको लागि स्वीकृत प्रोटोकल/नियमहरुको आधारमा स्वास्थ्य संस्था र अस्पतालहरुमा आवश्यक मानव, भौतिक सुचना तथा वित्तीय श्रोतहरुको प्राप्ति, विकास र उपयोगको उचित प्रबन्ध गर्न सम्बन्धित कार्यालय प्रमुखलाइ सहयोग गर्ने ।
- आफ्नो कार्यालय मार्फत संचालनहुने कार्यक्रमहरुको समयानुकुल हेरफेर र स्तरोन्नतिको लागि तालुक निकायबाट गरिने कार्यहरुमा आवश्यक सुझाव र सिफारिसका लागि सहयोग र सहजिकरण गर्ने ।
- आफु कार्यरत कार्यालयमा लैंगिक मैत्री कार्य बातावरण निर्माण गर्न आवश्यक कार्ययोजना बनाई कार्यालय प्रमुख समक्ष पेश गर्ने ।

३. समन्वय र सहजिकरण

- जनस्वास्थ्यसंग सम्बन्धित कार्यक्रमहरु कार्यन्वयनका लागि सबै महाशाखा, केन्द्र, शाखा लगायत अन्य सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।
- केन्द्र, प्रदेश तथा स्थानिय तहमा सन्चालन गर्नु पर्ने कार्यक्रम र समय समयमा दिइएका निर्देशनहरुको कार्यान्वयनमा सहजिकरण गर्ने ।
- स्वास्थ्य क्षेत्रमा कार्य गर्ने संघ संस्था दातृ निकाय तथा अन्य निकायहरु सँग समन्वय गरी कार्यक्रमहरुको कार्यन्वयन गर्ने ।
- कार्यलयबाट हुने नियमित रुपमा सूचनाहरुको प्रवाह, मासिक , चौमासिक प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने, आफ्नो मातहतका कार्यलयबाट आएका प्रतिवेदनमा पृष्ठपोषण दिने जस्ता कार्यमा सहयोग गर्ने ।
- अस्पतालबाट संचालन हुने जन /स्वास्थ्यका कार्यक्रमहरुमा समन्वय गर्ने ।

४. अनुगमन सुपरिवेक्षण तथा मुल्याङकन

- सम्बन्धित कार्यक्रमहरुको कार्यन्वयनको अवस्था र कार्य प्रगतिको अनुगमन तथा मुल्यांकनका लागि सुचांकहरुको विकास गर्ने ।
- कार्यक्रम संग सम्बन्धित आवश्यक अभिलेख फारम, रजिष्टर, प्रतिवेदन फारमहरु विकास गर्ने ।
- सम्बन्धित कार्यक्रमहरुको प्राप्त तथ्यांकहरुको प्रमाणिकरण, विश्लेषण गरि सेवा सुदृढिकरणका लागि आवश्यक योजना तर्जुमा गर्ने ।
- सुचांकको आधारमा सेवा प्रवाह तथा गुणस्तरको सुनिश्चितता गर्ने ।
- आफु मातहतका कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने , प्राप्त पृष्ठपोषणको आधारमा सुधारको लागि निर्देशन दिने ।
- सेवा प्रवाह तथा त्यसको गुणस्तर तथा मातहतका कर्मचारीहरुबाट सम्पादन भएका कार्यहरुको अनुगमन गर्ने ।
- नर्सिङ्ग सेवा को प्रभावकारिता अध्ययन सुपरिवेक्षण, अनुगमन गर्न आवश्यक सुपरिवेक्षण सामाग्री तयार गरि पेश गर्ने।
- विद्यमान नर्सिङ्ग सेवालाई प्रभावकारी रुपमा भए नभएको अनुगमन गर्न प्रमुख नर्सिङ्ग प्रशासकलाई सहयोग गर्ने।

- सुपरिवेक्षण अनुगमन गरि आवश्यक सुझाव सहित प्रतिवेदन तयार गरि प्रमुखनर्सिङ्ग प्रशासक समक्ष प्रस्तुत गर्ने र आवश्यक अनुसार औपचारिक तथा अनौपचारिक सुझाव दिने।
- अस्पतालबाट संचालन हुने जन /स्वास्थ्यका कार्यक्रमहरुमा प्राविधिक सहयोग तथा अनुगमन गर्ने।
- कार्यालयबाट हुने नियमित रुपमा सूचनाहरुको प्रवाह, आवधिक (मासिक , चौमासिक, अर्धबार्षिक, बार्षिक) प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने, आफ्नो मातहतका कार्यालयबाट आएका प्रतिवेदनमा पृष्ठपोषणदिने जस्ता कार्यमा सहयोग गर्ने ।

५. स्वास्थ्य शिक्षा, सूचना तथा संचारः

- कार्यक्रमसँग सम्बन्धित सुचना सामाग्रीहरु तयारीको योजना तर्जुमा गर्ने, बितरण गर्ने साथै प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने ।
- प्रेत्यक नागरिकलाई आफ्नो स्वास्थ्य प्रति जिम्मेवार बनाउन प्रोत्साहन गराउने खालका स्वास्थ्य शिक्षा, सूचना तथा संचारको विकास र कार्यन्वयन गर्ने ।

६. अध्ययन तथा अनुसन्धान

- कार्यक्रम सँग सम्बन्धित तथ्यमा आधारित निति नियम तर्जुमा गर्न अद्ययन अनुसन्धान सन्चालन गर्ने ।
- नर्सिङ्ग सेवालाई सदय अनुकुल विकास गर्न आवश्यक अध्ययन अनुसन्धानगर्ने।
- नर्सिङ्ग विषय सम्बन्धि अध्ययन अनुसन्धान कार्य योजना गर्न प्रमुख नर्सिङ्ग प्रशासकलाई सहयोगि भूमिका निर्वाह गर्नेछ।

७. तालिम सम्बन्धि

- तालिम सामग्री बिकास संग सम्बन्धित नीति, रणनीति तथा प्रोटोकल तयारीमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहयोग गर्ने ।
- केन्द्र तथा प्रदेश स्तर र क्लिनिकल तालिम साइटहरु मा संचालन गरिने तालिम को नियमन तथा प्रत्यायन गर्ने नीति, रणनीति गुणस्तर र मापन मापदण्ड तयार गर्ने ।
- स्वास्थ्य सम्बन्धी विभिन्न तालिम, गोष्ठि संचालन तथा सहजिकरण गर्ने ।

८. अभिलेख र प्रतिबेदन

- कार्यक्रमसँग सम्बन्धित गतिबिधिहरुको ढाँचा अनुसारको अभिलेख राखी प्रतिबेदन तयार गर्ने ।
- सम्बन्धित कार्यक्रमहरुको अर्धबार्षिक , बार्षिक समिक्षाको अभिलेख राखी प्रतिबेदन तयार गर्ने
- प्राप्त सुचनाहरुको विश्लेषणको आधारमा कार्यक्रमसंग सम्बन्धित स्वास्थ्य समस्याहरुको प्राथमिकता निर्धारण गर्ने र समस्या समाधानका उपायहरु कार्यान्यवयनको लागि योजना तर्जुमा गर्ने ।
- एकिकृत स्वास्थ्य सुचना ब्यबस्थापन प्रणालीमा प्राप्त आफ्नो कार्यक्रमसंग सम्बन्धित सुचनाहरुको नियमित समिक्षा गारि पृष्ठपोषण गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

९. अन्य कार्य

- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण जस्ता कार्यहरुको अनुसन्धानमा सहभागी हुने र प्राप्त परिणामको आधारमा भावी योजनाहरु बनाउने ।
- प्रकोप, महामारीका समयमा आफ्नो कार्यालयद्वारा व्यवस्थापन गरिने कार्यक्रम र क्रियाकलापहरु कार्यान्वयनका लागि योजना तर्जुमा गरी कार्यन्वयन गर्ने ।
- तोकिए बमोजिमका र आइपरेका अन्य कार्यहरु गर्ने ।
- प्राप्त तालिम र सिप अनुसार अन्य आवश्यक कार्यहरु गर्ने।